DATE: ........................ DATE: ........................

आज मिति २०६६ पौष ४ गते शनिबारका दिन यस चौरजहारी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूको प्रधानाध्यापकहरू बैठकमा तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका निर्णयहरू पारित गरियो ।

उपस्थिती

१. श्री रामबहादुर के.सी. - प्रमुख प्रशासकीय अधिकृत
२. श्री टिकाजंग ओली - प्राविधिक सहायक (शिक्षा)
३. श्री भीम बहादुर ओली - प्र.अ. - श्री हिमालय प्रावि बेल्हागाउँ
४. श्री रुद्र प्रसाद गिरी - प्र.अ. - श्री आधारभूत विद्यालय धार्तिखोला
५. श्री सुर्य बहादुर चन्द - ,, श्री आ. वि. नाग्मा रुकुमपश्चिम
६ श्री कसुगन्धा चन्द (मल्ल) प्र.अ. श्री आधारभूत वि. गुवाटकुरा रुकुम
७ श्री शिवलाल वली प्र.अ. श्री बालकल्याण आ.वि. मुलडाँडा चौ न पा ११ रुकुम
(८) श्री दिल बहादुर ओली प्र.अ. श्री बालज्योति आ.वि. नाख्ला चौ. न. पा. १३ रुकुम प
(९) श्री दिपक शर्मा प्र.अ. श्री जनकल्याण आ.वि. रातामाटा. चौ. न. पा. १३ रु.
(१०) श्री मुक्ति प्रसाद शर्मा प्र.अ. श्री गाडिदेउराली आधारभूत विद्यालय
(११) श्री अमृत कुमार बोहरा प्र.अ. श्री कालीका आधारभूत विद्यालय गोठी
(१२) श्री रमेश कुमार मल्ल प्र.अ. श्री मा.वि. कोटजहारी चौ.न.पा.८
१३) श्री गणेशकुमार [illegible] श्री जनचेतना आ.वि. तिमिलेपोखरी चौ.न.पा.१४
१४) श्री नरेश कुमार सुनार श्री आ.वि. चौ.न. पा.४ मालोट रुकुम (पश्चिम)
१५) श्री बलबहादुर के.सी. श्री सेर्न्य आ.वि. बिसाईचौर चौ.न.पा.-१०
१६) श्री मोतिलाल परियार श्री मा.वि. रम्हरे चौ.न. पा.५ रुकुम (पश्चिम)
१७) श्री कुबिता परियार श्री विद्या ज्योति बालविकास केन्द्र चौ नपा १४ रुकुम
१८) श्री चन्द्र राना (डाँगी) श्री बालकल्याण बालविकास केन्द्र चौ.न.पा.१०
१९) श्री कमला आचार्य श्री बालकल्याण बालविकास केन्द्र दोभानखोला चौ.न.पा.१०
२० श्री दिपक देवकोटा श्री जनआस्था आ.वि. पुरातापानी
२१) श्री टेकम बोहरा श्री जनकल्याण प्रा.वि. स्वाराले - ६
२२) श्री यदु राना श्री स्तिल मा. वि. चौरजहारी रुकुम पश्चिम
२३) श्री [illegible] श्री बालहित आधारभूत विद्यालय नाउली -१४
२४) रुद्रलाल जैसी आधारभूत विद्यालय ज्याजिरा
२५) नन्दलाल के.सी. आधारभूत विद्यालय लहरेपिपल चौ.न.पा.५

DATE: ....................

२८. कृष्ण ब० ओली श्री आ वि जुमली पोख्री

२९ टोप ब ओली श्री जनता आ. वि. विद्यालय

३० डण्डविर ओली श्री आ वि मानकोट चौं.न.पा. १०

३१. रिम बहादुर बुढा श्री भ्योति आ वि मुलपापी खागाल चौं. न. पा. ६.

३२ - रिप बहादुर घर्ति श्री ज्ञानज्योति आ वि चौरमहरी न.पा ११ मायिसैन

३३ टोपबहादुर के. सी. श्री जनज्योती आ०वि० स्यालखोला

३४ - पद्म ब. ओली श्री वाल हित मा०वि० साकचालोक [illegible]

३५ - भुपालाल शर्मा श्री जनकल्याण मा०वि सानखोला

३६ बलजित बली श्री जनकल्याण मा. वि. जेलगाडा

३७. टिकाराम शर्मा श्री सरस्वती मा० वि० घरेलीचौर

३८. उमाकान्त शर्मा श्री जनता आ०वि सिमचौर

३९ फत्तुराम लामिछाने श्री जनप्रिय आ० वि चौं न पा ५ लामिछानेगाउँ चन्द्र सारक्चे

४० नवराज न्यौपाने - श्री ज्ञानकुञ्ज आ०वि० कालापाथर चौं.न.पा.६

४१ भूमि कुमारी चन्द श्री मालिका आ. वि अमलाटाकुरा चौं.न.पा. - ४

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

# मिति २०७७।०९।०४ गतेको प्रधानाध्यापक बैठकमा पेश भएका प्रस्ताव तथा भएका निर्णयहरु

**(क) प्रस्तावहरु**

१. आर्थिक वर्ष २०७७।०७८ को मंसिर महिनाभरी सम्पादित कार्यहरुको समिक्षा गर्ने सम्बन्धमा ।
२. यसअघिको प्रधानाध्यापक बैठकबाट पारित निर्णयहरु कार्यान्वयनको अवस्था समिक्षा गर्ने सम्बन्धमा ।
३. दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।
४. सेनिटरी प्याड वितरण, प्रयोग तथा डिस्पोजल र सोको सदुपयोग गर्ने सम्बन्धमा ।
५. नगरपालिका र प्रधानाध्यापकहरुबीचको कार्य सम्पादन करार सम्झौता कार्यान्वयनको अवस्था मापण गर्ने सम्बन्धमा ।
६. विद्यालय भवन निर्माणको लागि पर्याप्त जग्गासहितको निर्माण स्थल तयार गर्ने सम्बन्धमा ।
७. विविध

**(ख) निर्णयहरु**

१. यस नगरपालिका अन्तर्गतका विद्यालयहरुले आ.व. २०७७।०७८ को मंसिर महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गरियो । कार्य सम्पादनको क्रममा देखा परेका समस्याहरुको तत्कालै समाधान गरी कार्यकूशलतापूर्वक प्रभावकारी ढङ्गले विद्यालय वातावरण व्यवस्थित गर्ने निर्णय गरियो ।
२. यस अघि प्रधानाध्यापक बैठकबाट पारित निर्णयहरुको कार्यान्वयनको अवस्था समिक्षा गरियो । केही विद्यालयहरुले निर्णय कार्यान्वयनमा आनाकानी गरिरहेको, पठाउनुपर्ने विवरण समयमै पठाउने नगरेको, विद्यालयहरुमा बिना जानकारी बिदा स्वीकृत नगराई बसेका शिक्षकहरुको विवरण नपठाएको, नगरपालिकाको सूचना केन्द्रमा आवद्ध नभएको देखिएकोले अब उप्रान्त निर्णयको हुवहु कार्यान्वयन गर्न तथा गराउन निर्देशनात्मक चेतावनी दिने निर्णय गरियो ।
३. सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन सम्बन्धमा मिति २०७७।०८।१८ गते उक्त कार्यक्रम लागू हुने सबै सामुदायिक विद्यालयहरुमा गरिएको पत्राचार र सोही पत्राचार अनुसार विद्यालयहरुले गरेको तयारीको सम्बन्धमा छलफल गरियो । छलफलबाट प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्मका बालबालिकालाई दैनिक रु. १५।- (पन्ध्र रुपैयाँमात्र) का दरले दिवा खाजा उपलब्ध गराउन देहाय बमोजिम गर्ने निर्णय गरियो ।
   (क) खाद्य सामग्री खरिद तथा व्यवस्थापन विद्यालय केन्द्रित खरिद व्यवस्थापन तरिकाबाट गर्ने ।
   (ख) खाजा तयारी तथा वितरण विद्यालय स्वयम्ले अभिभावक (आमा) समूह मार्फत् वा सुविधासहितको नियुक्त गरिएको भान्सेमार्फत् वा विद्यालय केन्द्रित केटरिङ मोडेलबाट गर्ने ।
   (ग) दिवा खाजाको मेनु यस नगरपालिकाबाट मिति २०७७।०८।१८ गते सबै सामुदायिक विद्यालयहरुलाई गरिएको पत्रको अनुसूची-३ मा उल्लेख भए अनुसार हुने ।

नि.प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

(घ) दिवा खाजा लागू हुने विद्यालयहरुलाई IEMIS मा Entry भएको विद्यार्थी सङ्ख्याको आधारमा विद्यार्थी सङ्ख्या एकिन गरी प्रति विद्यार्थी प्रतिदिन रु. १५।- (पन्ध्र रुपैयाँमात्र) का दरले विद्यालय खुल्ने दिन एकिन गरी यथाशिघ्र निकासा दिने ।

(ङ) दिवा खाजा कार्यक्रम सञ्चालनको लागि आवश्यक तयारी (दिवा खाजाको लागि भान्सा घर निर्माण, धुवाँरहित चूलो, आवश्यक भाँडावर्तन तथा अन्य व्यवस्थापकीय कार्यहरु समेत) सम्बन्धित विद्यालयले गर्ने । यसको लागि आवश्यक बजेटको व्यवस्था सम्बन्धित विद्यालयलाई प्राप्त हुने मसलन्द तथा कार्यालय सञ्चालन सम्बन्धी शिर्षकबाट गर्ने । सोबाट समेत नपुग्ने भएमा सम्भव भएसम्म आफ्नै स्रोतबाट र आफ्नो स्रोत नहुने विद्यालयको हकमा विद्यालयहरुले सोको लागि पेश गरेको यथार्थ विवरणको आधारमा छानविन गरी नगरपालिकाले नगर कार्यपालिकाको निर्णयानुसारको बजेट उपलब्ध गराउने ।

४. सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका महिनावारी उमेर समूहका छात्राहरुलाई स्वीकृत कार्यक्रम अनुसार नगरपालिकाले सेनिटरी प्याड उपलब्ध गराईसकेको सन्दर्भमा सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम सेनिटरी प्याड भण्डारण, वितरण, डिस्पोजल, सदुपयोग लगायतको कार्य सम्बन्धित विद्यालयले गर्ने । सेनिटरी प्याडको भण्डारण, वितरण, डिस्पोजल, सदुपयोगको उचित प्रबन्ध नगर्ने विद्यालयका प्रधानाध्यापकहरुलाई कारवाही हुन सक्ने ।

५. नगरपालिका र प्रधानाध्यापकहरुबीच भएको कार्य सम्पादन करार सम्झौता बमोजिम सम्झौतामा उल्लेखित कार्यहरु भए/नभएको सम्बन्धमा पहिलो पटक मूल्याङ्कन गरी नतिजा समेत प्रकाशन भईसकेको छ । दोस्रो पटकको मूल्याङ्कन समेत हुन गईरहेकोले कार्य सम्पादन मूल्याङ्कन बढाउन प्रधानाध्यापकहरुले आवश्यक तयारी गर्ने । यसपटक ५०% भन्दा कम अंक प्राप्त गर्ने प्रधानाध्यापकहरुलाई पदबाट वर्खास्त गरिने ।

६. नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न विद्यालयहरुको भवन संरचना निर्माण गर्न सम्बन्धित विद्यालयहरुले भवन निर्माण हुने जग्गा र सोको लागि फिल्ड निर्माणको कार्य मिति २०७७०९।१० गतेभित्र सम्पन्न गरी सोको जानकारी नगरपालिकामा पठाउने । तोकिएको समयभित्र जग्गा तथा फिल्ड उपलब्ध हुन नसक्ने विद्यालयहरुको बजेट कटौती गरी अन्यत्र जग्गा तथा फिल्ड उपलब्ध गराउन सक्ने विद्यालयमा रकमान्तर गर्ने ।

७. मिति २०७७/०९/०६ गतेदेखि हुने सार्वजनिक सुनुवाईमा विद्यलायहरुको तर्फबाट प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष अनिवार्य रुपमा तोकिएको कार्यक्रम स्थलमा उपस्थित हुने । साथै सम्बन्धित कार्यक्रम आयोजना हुने विद्यालयले सार्वजनिक सुनुवाईको लागि नगरपालिकाको निर्देशन अनुसार आवश्यक तयारी समेत गर्ने ।

८. बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

प्रमुख प्रशासकिय अधिकृत
२०७७/०९/०४